नेपाल सरकार
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
**केन्द्रीय आयोजना कार्यान्वयन इकाई**
अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार
ज्वागल, ललितपुर

मिति : २०७५/०६/१५

प.सं.: ०७५/०७६
च.नं.: २०१

श्री जिल्ला आयोजना कार्यान्वयन इकाई
अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार
३१ जिल्ला सबै ।

**विषय : सहि नक्साको प्रयोग सम्बन्धमा ।**

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको प.सं. आपू/भूमि ०७५/०७६, च.नं. १८६४ मिति २०७५/०६/०९ को पत्रबाट प्राप्त भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहि नक्साको प्रयोग गर्ने सम्बन्धमा पत्रको प्रतिलिपी यसै पत्रसाथ संलग्न राखी पठाईएको छ । सोही अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

..................
भुवनेश्वर लामिछाने
शाखा अधिकृत

नेपाल सरकार

# राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

(कर्मचारी प्रशासन शाखा)

सिंहदरवार, काठमाण्डौ
फोन : ०१-४२००५९०

पत्र संख्या :०७५/०७६
च.नं. : 699

केन्द्रीय आयोजना कार्यान्वयन इकाई
अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार
दता नं.:- ९९१
मिति:- २०७५।६।१५

मिति : २०७५/०६/१४

श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन),
बबरमहल, काठमाण्डौ ।
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (शिक्षा),
ज्ञानेश्वर, काठमाण्डौ ।
श्री केन्द्रीय आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार),
ज्वागल, ललितपुर ।

**विषय : सहि नक्साको प्रयोग सम्बन्धमा ।**

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प.सं. आपू/भूमि ०७५/०७६, च.नं. १८६४ मिति २०७५/०६/०९ को पत्रवाट प्राप्त भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको सहि नक्साको प्रयोग गर्ने सम्बन्धको पत्रको प्रतिलिपी यसै पत्र साथ संलग्न राखी पठाईएको छ । सोही अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

(गंगा सुवेदी भट्टराई)
शाखा अधिकृत

नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

(योजना, अनुगमन तथा मूल्यांकन महाशाखा)

नीति, योजना तथा कार्यक्रम शाखा

सिंहदरबार, काठमाडौं

फोन ४२११८४३

४२११७९७

पत्र संख्याः २०७५/७६

च.न. ३९२

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

दर्ता नं.: ३१६०

मिति: २०७५।५।२८

मितिः २०७५/०५/२६

प्रिय सहकारीज्यू,

विषयः <u>सही नक्साको प्रयोग सम्बन्धमा।</u>

हाल विभिन्न पत्रपत्रिका, अनलाइन मिडिया, सरकारी निकायका वेभसाइट, कतिपय सरकारी निकाय तथा विद्युतीय सञ्चार माध्यमहरुले प्रयोगमा ल्याइएका नक्सा एवं नेपाल सरकारको निशानछाँपमा नेपालको सीमाना फरक पर्ने गरि गलत नक्साहरु प्रयोग भएको पाइएको छ ।

जग्गा नापजाँच ऐन, २०१९ को दफा ११ (ध) र जग्गा नापजाँच नियमावली, २०५८ को नियम २४ बमोजिम हवाइ सर्भेक्षण गर्न, नेपाल सरकारले स्थापना गरेका नियन्त्रण विन्दु तथा नक्साहरु प्रयोग गर्न, नक्सा तयार एवं प्रकाशन गर्न नापी विभागको स्वीकृति लिइ गर्नु पर्ने व्यवस्था रहेको छ । नेपाल सरकारका आधिकारिक निकायहरु तथा नेपालमा प्रयोगमा आउने यस्ता नक्साहरुमा भएको त्रुटीले नेपालको राष्ट्रियता, भौगोलिक अखण्डता र सार्वभौमसत्ताको संरक्षण तथा अभ्यासमा समेत असर पर्न सक्ने भएकोले नक्साको प्रयोगमा थप सजग र सावधान हुनुपर्ने देखिन्छ । तसर्थ यस विषयमा तहाँ तथा मातहत निकाय, विभाग, कार्यालय, संस्थानहरुमा प्रयोग हुने नेपालको नक्साको सन्दर्भमा देहाय बमोजिम गर्ने गराउने व्यवस्थाको लागि अनुरोध गर्दछु । साथै सही नक्सा नापी विभागको वेभसाइट www.dos.gov.np मार्फत निःशुल्क प्राप्त गर्न सकिने व्यहोरा समेत अनुरोध गर्दछु ।

<u>देहायः</u>

१. कार्यालय, कार्यकक्ष, सभाहलमा राखिने नेपालको नक्सा, विभिन्न डाटा, सूचनाहरु देखाउन तयार गरिने नक्सा, विभिन्न सभा, गोष्ठी, प्रदर्शनी, भेला, मेला, सेमिनारमा प्रदर्शन गरिने तुल, व्यानरमा राखिने नक्सा, अध्ययन, शोध, प्रतिवेदन आदिमा राखिने नक्सामा सही सीमाना भएको नापी विभागले website मा उपलब्ध गराएको नक्सा मात्रै श्रोत खुलाई प्रकाशन, प्रदर्शन गर्नु हुन।

२. तहाँ र मातहत निकायहरुबाट प्रयोगमा हुने लेटर प्याड, छाँप आदिमा प्रयोग भएको सरकारी निशान (Emblem) मा नेपालको सही सीमाना भएको नक्सा प्रयोग भए नभएको तत्काल चेक जाँच गरी शुद्द नक्सा भएको Emblem मात्रै प्रयोग गराउनु हुन ।

.....................

गोपीनाथ मैनाली

सचिव

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिपदको कार्यालय, सिंहदरवार

श्रीमान् मुख्य सचिवज्यू: सादर अवगतार्थ